# नेपाल स्काउट
# दर्ता नविकरण निर्देशिका
# २०६६

नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयले नेपाल स्काउट ऐन २०५० को दोश्रो संशोधन २०६३ र नेपाल स्काउट नियमावली २०६४ मा उल्लेख भएका दर्ता नविकरण सम्वन्धि प्रक्रियाका आधारमा क्षेत्र, जिल्ला, इकाई कार्यालयहरु र स्काउट, स्काउटर एवं आयुक्तहरुको नाम, दर्ता तथा नविकरणको लागि यो दर्ता नविकरण निर्देशिका तयार गरेको छ ।

**नेपाल स्काउट**
**राष्ट्रिय प्रधान कार्यालय**
**लैनचौर, काठमाण्डौं**

# नेपाल स्काउट
# राष्ट्रिय संगठन विभाग

## दर्ता र नविकरण निर्देशिका

नेपाल स्काउटका क्षेत्रीय, जिल्ला, इकाई वा कुनै पनि निकाय राष्ट्रिय प्रधान कार्यालयमा पहिलो पटक दर्ता र अर्कोसाल देखि नियमित रुपमा नविकरण हुदैं जानु पर्दछ । हरेक इकाईले जिल्ला स्काउट कार्यालयमा दर्ता गराई इकाई नम्बर प्राप्त गर्नु पर्दछ ।

**१) उद्धेश्य :-**

क) स्काउटको तथ्याङ्क पारदर्शि एवं व्यवस्थित रुपमा राख्न, स्काउट सदस्यताको बृद्धि गर्न, आवश्यक दर्ता नविकरण प्रणालीको विकास गर्न, इकाई लिडर र जिल्ला स्काउट कार्यालयलाई दर्ता तथा नविकरणमा सरलता ल्याउने ।

ख) स्काउट तथा इकाईको आकडा प्रष्ट थाहा पाउन ।
ग) जिल्ला, इकाई तथा स्काउटको सक्रियता कायम गर्न ।
घ) विश्व व्याय तथा गर्ल स्काउट संस्थाहरुमा नेपाल स्काउटको प्रगती सहितको स्काउट तथ्याङ्क प्रस्तुत गर्न ।
ङ) सदस्यता शुल्क भुक्तानी प्राप्त गर्ने तथा पठाउने काममा सरलिकृत तुल्याउन ।
च) स्काउटको सदस्य बृद्धि गर्न र जिल्ला जिल्ला विच, इकाई इकाई विच एवं जिल्लाका स्काउट र स्काउटर विच एक रुपता र स्वस्थ्य प्रतिस्पर्धा गर्न ।

**२) इकाई संचालनको अधिकार पत्र -**

इकाई संचालन गर्ने स्काउटरले आफूले विटिसि /पि.टी.सी..प्राप्त गरेको ३ महिना सम्म जिल्लामा केवल सूचना गरि इकाई संचालन गर्न सक्नेछ र तीन महिना पछि इकाई दर्ता फर्म सहित अधिकार पत्रको माग जिल्ला स्काउट कार्यालयमा गर्नु पर्नेछ

**३) जिल्लाबाट अधिकार पत्र प्रदान -**

जिल्ला स्काउट कार्यालयले पनि निजको इकाई सम्वन्धि नियमानुसार भए नभएको हेरी इकाई संचालनको अधिकार पत्र तुरुन्त प्रदान गर्नेछ ।

**४) दर्ता गर्ने प्रक्रिया :-**

जिल्ला स्काउट कार्यालयले आफनो अस्तित्व जिल्लामा कायम रहेको छ भन्ने व्यहोरा सवैका सामु जानकारी एवं मान्यता दर्शाउन जिल्ला स्काउट कार्यालयले आफनो जिल्ला स्काउट कार्यालयलाई राष्ट्रिय प्रधान कार्यालयमा दर्ता गराउनु पर्नेछ । सो को जानकारी सम्वन्धित क्षेत्रीय स्काउट कार्यालयलाई पनि  दिनु पर्नेछ । जिल्ला दर्ताका लागि नियमानुसार फर्म भरि तोकिएको सदस्यता शुल्क बुझाउनु पर्नेछ । जिल्ला स्काउट कार्यालय दर्ता गर्न कम्तिमा पनि १२ इकाई, २५ स्काउटर र ३०० स्काउट आफनो जिल्लामा रहनु पर्दछ र तिनीहरुको दर्ता गर्न तोकिएको फर्म भरि तोकिएको शुल्क बुझाउनु पर्नेछ । राष्ट्रिय प्रधान कार्यालयले पनि नियमपूर्वक दर्ताको लागि आएका जिल्ला, इकाई, स्काउटर एवं स्काउटहरुको नियम पूर्वक दर्ता गर्ने छ । सो को जानकारी क्षेत्र र जिल्लालाई समयमै दिनु पर्नेछ ।

दर्ता कायम राख्न हरेक वर्ष सवै तहका इकाइ एवं स्काउटले नविकरण शुल्क बुझाउन पर्दछ ।

क) एउटा स्काउट माष्टरले दुई ओटा ट्रुप मात्र संचालन गर्न पाउने हुंदा दुइटा भन्दा बढि ट्रुप संचालन गर्ने अवस्था आएमा जिल्ला स्काउट कार्यालयको स्वीकृतिमा अर्को इकाई पनि संचालन गर्न पाउने छ । त्यस्तो स्काउटरले दर्ता / नविकरण गर्नु पर्दा कुनै एउटा इकाईबाट दर्ता गरे पुग्छ ।

ख) एउटा ट्रुपबाट उसको नाम दर्ता भइसकेको रहेछ भने अनुमति प्राप्त गरेको अर्को ट्रुप बाट दर्ता भने गर्नु पर्नेछ  तर शुल्क भने लाग्ने छैन ।

**५)** क्षेत्रीय स्काउट कार्यालयको दर्ता/नविकरण जिल्ला सरह नै प्रकृया अपनाई गरिनु पर्नेछ ।

६) नविकरण गर्दा पुरानो समयको पनि नविकरण गर्न पाइने छैन ।

७) लगातार रुपमा इकाईमा कार्यरत व्यक्तिको मात्र उक्त इकाईबाट नविकरण गर्न पर्नेछ । इकाईमा निरन्तर कार्यरत नभएका व्यक्तिको नविकरण पाइएमा नविकरण स्वतः रद्द हुनेछ ।

**६) दर्ता, नविकरण दस्तुर  -**

नेपाल स्काउटले दर्ता, नविकरण दस्तुर देहाय अनुसार निर्धारण गरिएको छ ।

| | |
|---|---|
| क) कव/ब्राउनी दर्ता, नविकरण | - रु. ५।- |
| ख) व्वाय र गर्ल स्काउट | - रु. ५।- |
| ग) रोभर र रेन्जरको | - रु. ५।- |
| घ) स्काउटर ( शिक्षक ) को | - रु. १०।- |
| ङ) इकाई पदाधिकारीको | - रु. १०।- |
| च) जिल्ला पदाधिकारीको | - रु. १०।- |
| छ) सल्लाहकार परिषद सदस्यको | - रु. १०।- |
| ज) कव प्याक ( इकाइको ) | - रु. २५।- |
| झ) ब्राउनी प्याक ( इकाइको ) | - रु. २५।- |
| ञ) व्वाय स्काउट ट्रुप (इकाईको) | - रु. २५।- |
| ट) गर्ल स्काउट ट्रुप ,, | - रु. २५।- |
| ठ) रोभर क्र्यू ,, | - रु. २५।- |
| ड) रेन्जर क्र्यू ,, | - रु. २५।- |
| ढ) जिल्ला स्काउट कार्यालयको | - रु. १००।- |
| ण) क्षेत्रीय स्काउट कार्यालय | - रु. २५०।- |
| त) क्षेत्रीय सदस्यहरुको | - रु. २५।- |
| थ) राष्ट्रिय परिषद सदस्यको | - रु. ५०।- |

## ७) स्काउटरले अधिकार पत्र लिनु पर्ने ।

हरेक स्काउटर कुनै न कुनै इकाईमा संलग्न रहनु पर्ने हुंदा निजले त्यस्तो इकाईमा संलग्न हुन नेपाल स्काउटले निर्धारण गरे अनुसारको अधिकार पत्र सम्वन्धित जिल्ला स्काउट कार्यालयबाट प्राप्त गर्नु पर्नेछ । सदस्यताका साथै अधिकार पत्र पनि हरेक वर्ष नविकरण हुनु पर्दछ ।

## इकाई संचालन

कुनै पनि तालिम प्राप्त स्काउटरले तालिम प्राप्त गरेको ३ महिना भित्र इकाई संचालन गर्न अधिकार पत्र विना इकाई संचालन गर्न सक्दछ ।
३ महिना व्यतित भए पछि उसले अनिवार्य रुपमा अधिकार पत्र लिनु पर्दछ । स्काउटर तालिम प्राप्त गरेको बढिमा ३ वर्ष व्यतित भएको खण्डमा अनिवार्य रुपमा पुनः ताजगी वा एडभान्स तालिममा भाग लिएपछि मात्र इकाई संचालन गर्ने अधिकारका साथै उक्त व्यक्तिले नविकरण गर्न सक्नेछ ।

## ८) इकाई संचालन गर्ने सम्वन्धमा स्काउटरको भूमिका

क) कुनै पनि स्काउटरले इकाई संचालन गर्न जिल्ला स्काउट कार्यालयलाई लिखित रुपमा आफूले स्काउटको कुन खण्ड (तह) संचालन गर्न लागेको हो सोको जानकारी गराउनु पर्दछ ।

ख) आफूले संचालन गरेको इकाई सहित आफनो र स्काउट इकाईसंग संलग्न केटाकेटीहरुको नाम निर्धारित रजिष्ट्रेशन फर्म भर्न (सिक्स, टोली, टिम अनुसार) पर्नेछ ।

ग) एउटा प्याकको सिक्समा ६ जना रहनेछन् । कुनै कारणवस ६ जना राख्न नसकिएमा ५ जनाको सिक्स ( समुह ) बनाउन सकिनेछ ।

घ) स्काउट इकाईमा घटिमा ४ र बढिमा ८ जना भएको टोली ( पेट्रोल ) बनाउनु पर्नेछ

ङ) क्र्यू संचालन गर्न एउटा टीममा चार जना देखि ८ जनासम्म राख्न सकिनेछ ।

च) इकाई गठन गर्दा ५ देखि ७ जना सदस्य भएका इकाई समिति अनिवार्य रुपमा गठन गर्नु पर्नेछ ।

छ) इकाई गठन गर्न प्याकमा १२ जनाको दूई सिक्स हुनु पर्दछ र स्काउट इकाईमा पनि १६ जना सम्मको दुई टोली भएको इकाई हुनु पदर्छ र रोभर रेन्जर इकाईको लागि कम्तिमा ६/६ जना भएको टिम बनाई २/२ जना टीमको एउटा क्र्यू गठन गर्न सकिनेछ । उक्त संख्यामा पु¥याउन नसकेको उचित कारण भएको अवस्थामा प्याकमा १० जना ट्रुपमा १२ जना र क्र्यूमा ८ जना राख्न सकिने छ ।

ज) दर्ता तथा नविकरण गर्ने समय : नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयले क्षेत्र, जिल्ला स्काउट कार्यालय एवं इकाइहरुको दर्ता/नविकरण गर्ने निश्चित अवधि तोकेको छ । जस अनुसार क्षेत्र र जिल्ला स्काउट कार्यालयहरुले कडाइका साथ पालना गर्ने गराउने गर्नु पर्दछ । हरेक इकाईले असार मसान्त भित्र र जिल्ला स्काउट कार्यालयहरुले भाद्र मसान्त सम्ममा जिल्ला स्काउट कार्यालय दर्ता / तथा नविकरण गराई सक्नु पर्नेछ र क्षेत्रीय स्काउट कार्यालयले हरेक आ.व. को भाद्र मसान्त सम्ममा राष्ट्रिय प्रधान कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो अनुसार राष्ट्रिय प्रधान कार्यालयले वार्षिक आ.स. निकासा गर्नेछ । उक्त अनुदान रकम स्काउटिङ्ग कार्यकलापमा खर्च हुनु पर्ने ।

## ९) स्काउटिङ्ग संचालन गर्न अपनाउनु पर्ने प्रक्रिया

क) स्काउट माष्टर कव/ब्राउनी लिडर हुनको लागि साधारण तया कम्तिमा एस.एल.सी. उर्तिण हुनु पर्ने । रोभर / रेन्जर लिडरको लागि शैक्षिक योग्यता कम्तीमा स्नातक वा सो सरह हुनु पर्नेछ । कुनै जिल्लामा सो योग्यता पुरा गरेका व्यक्ति उपलव्ध हुन नसकेमा प्रमाणपत्र तह उतिर्ण गरेकोलाई पनि मान्यता दिन सकिने छ । सो को पनि अभाव नभएमा जिल्ला कार्य समितिले रा.प्र.का. को अनुमति लिई स्काउटको चयन गर्नेछ ।

ख) विद्यालय वा खुला रुपमा इकाई संचालन गर्ने स्काउटरले सर्व प्रथम जिल्ला स्काउट कार्यालयलाई आफूले इकाई संचालन गर्न शुरु गरेको जानकारी गराउनु पर्ने छ । विद्यालय वा संरक्षक संस्थाले पनि फलानो स्काउटरले आफनो विद्यालय वा आफनो स्पोन्सर गर्ने संस्थाले स्काउटिङ्ग शुरु गरेको र सो इकाईलाई मान्यता दिन पत्र लेख्नु पर्नेछ ।

ग) स्काउटरले स्पोन्सर वा विद्यालयका प्रमुखको अध्यक्षतामा इकाई समिति गठन गर्नु पर्ने छ ।

घ) विद्यार्थी, केटाकेटीहरुलाई स्काउटमा भर्ना गर्दा फर्म भरी अभिभावकको स्वीकृति समेत लिनु पर्ने छ ।

ङ) स्काउटमा भर्ना गर्दा विद्यार्थी वा केटाकेटीको स्वेच्छा अनुसार भर्ना गर्नु पर्दछ।

च) स्काउट इकाइका ( प्याक, ट्रुप, क्र्यू ) को लागि केटाकेटी वा विद्यार्थीको ससानो समुह वा टोली गठन गर्दा पुरुष र महिला तर्फ नियमानुसार नामले नामाकरण गरिनु पर्ने छ । पोशाक लगाएको पाखुरामा तोकेको ठाउंमा तोके अनुसारको साइजको इम्वलेम लगाउने र टोली झण्डामा पनि तोकेको साइजको इम्बलेम राख्नु पर्दछ ।

# तदर्थ समितिको गठन प्रकृया

नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयले स्काउटिङ्ग क्रियाकलापबाट निस्कृय रहेको कुनैपनि जिल्लामा पुनः स्काउटिङ्गलाई सक्रिय तुल्याउने कार्यको लागि विभागिय प्रमुख वा अधिकार सम्पन्न व्यक्ति पठाउन वा नियुक्त गर्न सक्नेछ । राष्ट्रिय प्रधान कार्यालयबाट तोकिएको पदाधिकारीले सम्वन्धित जिल्लामा गई स्काउटिङ्गको मर्म र धारणा अनुरुप अध्ययन गरि ५ देखि ७ जना सम्म स्काउटर वा स्काउट प्रति आस्था राख्ने व्यक्तिहरु मध्येबाट तदर्थ समिति गठन गर्न सिफारिस गर्नेछ। सो तदर्थ समितिमा एकजना संयोजक रहनेछन् ।

## तदर्थ समिति गठन गर्दा अपनाउनु पर्ने विशेष प्रकृया :

१) जिल्लामा सक्रिय स्काउटर माष्टरहरु भए तदर्थ समतिमा तिनीहरु मध्येबाट संयोजक र सदस्य बनाउने यदि जिल्लामा स्काउटर नभए वयस्क पूर्व स्काउट पनि रहन सक्नेछन् । तिनीहरु पनि नभएमा स्काउटिङ्गमा चाख भएका व्यक्तिलाई तदर्थ समितिको संयोजक सदस्यहरु राख्न सकिने छ र स्काउटर, स्काउट पनि जिल्लामा नभएको पाइएमा शिक्षकहरुबाट संयोजक सदस्य राख्न सकिनेछ ।

२) तदर्थ समिति गठन भएपछि तदर्थ समिति गठन भएको व्यहोरा राखी अधिकार प्राप्त व्यक्तिले समिति गठनको स्वीकृति एवं समर्थनको लागि राष्ट्रिय प्रधान कार्यालयमा सिफारिस गरि पठाउनु पर्नेछ । राष्ट्रिय कार्यकारिणी समिति वा तोकिएको व्यक्तिले उक्त गठित समितिलाई अनुमोदन गरे पछि गरे पछि मात्र उक्त समिति क्रियाशिल हुने ।

३) कार्य संचालनका लागि संयोजकले समितिका सदस्यहरुलाई आन्तरिक रुपमा कार्य विभाजन गरि कामको बाँडफाड दिन सक्नेछन् । कार्य विभाजन, कार्य सम्पादनका लागि भएकाले पूर्ण तया आन्तरिक हुने हुंदा सदस्यले आफनो पद कायम गरि पत्राचार गर्न भने पाउने छैन ।

४) पत्राचार गर्दा संयोजकको दस्तखत मात्र मान्य हुनेछ ।

५) तदर्थ समितिले गरेको काम कार्यवाहीको जानकारी जिल्ला शिक्षा अधिकारी, जिल्ला परिषद अध्यक्षलाई समेत गराउने र जिल्ला शिक्षा कार्यालयसंग समन्वय राखी कार्य सम्पदान गर्नु पर्नेछ ।

**तदर्थ समितिको गठनः**

१) जिल्ला शिक्षा अधिकारीको रोहवरमा स्काउट, स्काउटरहरु तथा स्काउट प्रति चाख राख्नेहरुको बैठक बसि सो बैठकको राय अनुसार तदर्थ समिति गठन गर्न सिफारिस गर्नु पर्नेछ ।

२) तदर्थ समिति गठन पश्चात तदर्थ समितिको संयोजकले बैठक राखी जिल्लाको कार्य योजनाहरु बनाई इकाईहरु संचालन गर्न आवश्यक प्रकृया गर्ने छ । जिल्लाको कार्य योजनामा तालिम, वार्षिक कार्यक्रम र अनुमानित आय व्यय समावेस हुनेछन् ।

**तदर्थ समितिको काम कर्तव्य :**

१) जिल्लामा सम्भव भए जति स्काउट इकाईहरु संचालन गर्ने / गराउने ।

२) निस्कृय स्काउटरलाई पुनरताजगी तालिमको व्यवस्था गरि सक्रिय तुल्याउने ।

३) जिल्लामा इकाईहरुको दर्ता गर्ने र राष्ट्रिय प्रधान कार्यालयमा दर्ता गराउने ।

४) जिल्लामा स्काउटरको संख्या ज्यादै कम भएमा एउटा स्काउटरले स्वीकृति लिई ३ वटा भन्दा बढि इकाई सम्म संचालन गर्न पाउने गरि व्यवस्था गर्ने ।

५) स्काउटहरु संख्या बृद्धि गरि तदर्थ समिति गठन भए पश्चात ६ महिना भित्र जिल्लामा जिल्ला स्तरिय कार्यक्रमहरुको आयोजना गर्ने, गराउने ।

६) जिल्लामा स्काउट इकाई र स्काउटहरुको दर्ता गर्न आवश्यक व्यवस्था गर्ने, गराउने ।

७) जिल्लामा संकलन भएका दर्ता फर्महरु अध्यावधिक राख्ने र प्राप्त भएको शुल्क एवं अन्य आम्दानी बैंक खाता खोली जम्मा गर्न, गराउने र नियमानुसार रकम रा.प्र.का.मा पठाउनु पर्ने रकम पठाउने ।

८) दर्ता / नविकरण फाराममा इकाई अध्यक्ष र संयोजकको दस्तखत मात्र मान्य हुनेछ ।

## जिल्ला दर्ताको प्रक्रिया र रा.प्र.का. बाट अनुदान प्राप्त गर्ने व्यवस्था :

जिल्लामा स्काउटिङ्ग व्यवस्थित ढंगबाट संचालन गर्न आवश्यक पर्ने आर्थिक सहयोग राष्ट्रिय प्रधान कार्यालयबाट प्राप्त गर्न देहाय अनुसारका सर्त पुरा गर्नु पर्नेछ ।

क) पहिलो पटकमा कम्तिमा ५ वटा इकाई र १५० स्काउट संचालन भएको हुनु पर्ने । अर्को वर्ष देखि नविकरण गर्दा नियमानुसार हुनेछ ।

ख) महिला स्काउटबाट ७५ जना सम्म र पुरुष स्काउटबाट ७५ जना भन्दा बढि स्काउट गरि कम्तिमा १५० जना स्काउट हुनु पर्ने ।

ग) स्काउटर संख्या पुरुष र महिला गरि कम्तिमा १० जना हुनु पर्ने ।

## दर्ता शुल्क

| | |
|---|---|
| जिल्लाको | रु. १००।- |
| इकाईको | रु. २५।- |
| स्काउटरको | रु. १०।- |
| इकाई पदाधिकारीको | रु. १०।- |
| स्काउटको | रु. ५।- |
| कव तथा ब्राउनीको | रु. ५।- |
| रोभर तथा रेन्जरको | रु. ५।- |

तदर्थ समितिका प्रत्येक सदस्य एवं समितिका स्काउट, स्काउटर र इकाई समितिका सदस्यहरुको दर्ता शुल्क र जिल्लाको दर्ता शुल्क - दर्ता नविकरण विवरण फर्म सहित रा.प्र.का. लैनचौरमा पठाउनु पर्नेछ । यसरी राष्ट्रिय प्रधान कार्यालयमा दर्ता फर्म सहित शुल्क बुझाउंदा स्काउट, स्काउटर र इकाई सदस्यको एक चौथाई र इकाईको आधा र जिल्लाको पुरै रकम रा.प्र.का. मा पठाउनु पर्नेछ ।

उक्त विवरण प्राप्त भएपछि रा.प्र.का. ले जिल्लालाई नियमानुसार आ.स. पठाउनेछ । तदर्थ समिति गठन भएको १ वर्ष भित्र नियमानुसार जिल्ला दर्ताका सम्पूर्ण प्रक्रिया पुरा हुनु पर्नेछ । जस्तै नविकरण फाराम, वार्षिक विवरण फर्म, वार्षिक कार्यक्रम, लेखा परिक्षण प्रतिवेदन आदि सम्पूर्ण कागजात तयारी गरि प्रक्रिया पुरा गर्नु पर्नेछ ।

तदर्थ समिति गठन गरि सकेको एक महिना भित्रमा जिल्लाको वार्षिक कार्य योजना तयार पारी रा.प्र.का. मा पठाउनु पर्नेछ। उक्त कार्य योजना प्राप्त भएपछि रा.प्र.का.बाट जिल्लालाई दिने अनुदानको पहिलो किस्ता रकम उपलव्ध गराइने छ। दर्ता नविकरण लगायत अन्य प्रक्रिया पुरा गरेको खण्डमा बांकी आ.स. रकम पठाउने व्यवस्था रा.प्र.का. मा हुनेछ । तदर्थ समिति गठन भएको ३ महिना सम्म पनि स्काउटिङ्ग सम्वन्धि कुनै क्रियाकलाप संचालन नगरेको खण्डमा जिल्लामा गठन भएको तदर्थ समिति स्वतः विघटन भएको मानिनेछ।